**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज वर्ष 2024 को **राष्ट्रीय खेल पुरस्कार** वितरण गर्नुहुनेछ|

२. सिंगापुरका राष्ट्रपति थरमन शनमुगरत्नमले नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मुसँग भरत र सिंगापुरबीचको व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्न विस्तृत वार्ता गर्नु भयो।

३. उप राष्ट्रपति जगदीप धनखड आजदेखि लक्षद्वीपको तीन दिने भ्रमणमा जाँदै हुनुहुन्छ।

४. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इन्डिया मोबिलिटी ग्लोबल एक्स्पोको उद्घाटन गर्नु हुनेछ।

५. यस वर्ष ७६ औं गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियांतो प्रमुख अतिथि हुनेछन्।

६. दिल्ली विधानसभा चुनावको लागि नामांकन पत्र दर्ता गर्ने आज अन्तिम दिन हो।

**राष्ट्रपति - खेल पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज वर्ष 2024 को **राष्ट्रीय खेल पुरस्कार** वितरण गर्नुहुनेछ| राष्ट्रपति भवनमा आयोजित एक समारोहमा विश्व शतरंज चैंपियन डी. गुकेश, पेरिस ओलंपिकमा दुई पदक जित्नु हुने मनु भाकर, भारतीय हॉकी टीमको कप्तान हरमनप्रीत सिंह अनि पेरिस पैरालिंपिकमा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई **मेजर ध्यानचंद खेल रत्न पुरस्कारद्वारा** सम्मानित गरिनेछ । यो पुरस्कार विगत चार वर्षको अवधिमा खेलको क्षेत्रमा शानदार अनि उत्कृष्ट प्रदर्शन गर्नु हुने खेलाडीहरुलाई प्रदान गरिन्छ।

****** ० ******

**सिंगापुर-राष्ट्रपति भ्रमण**

सिंगापुरका राष्ट्रपति थरमन शनमुगरत्नमले हिजो साँझ नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग विस्तृत वार्ता गर्नु भयो। छलफलहरू भारत र सिंगापुरबीचको व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्नमा केन्द्रित थिए।राष्ट्रपति मुर्मुले भन्नु भयो, सिंगापुर भारतको पूर्व कार्य नीति र इन्डो-प्यासिफिक क्षेत्रको लागि यसको दृष्टिकोणको एक प्रमुख स्तम्भ हो। उहाँले भन्नु भयो, साझा इतिहास र विश्वास र पारस्परिक सम्मानमा आधारित मित्रताको लामो परम्पराका साथ, भारत-सिंगापुर सहयोगले हालका वर्षहरूमा थप गति लिएको छ। भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अगाडि बढ्दै जाँदा दुई देशहरू बीचको बढ्दो साझेदारी जनताका लागि धेरै लाभदायक हुने कुरामा दुवै नेताहरू सहमत भए।भेटघाटको क्रममा, दुई राष्ट्र प्रमुखहरूले भारत र सिंगापुर बीचको कूटनीतिक सम्बन्ध स्थापनाको ६० औं वार्षिकोत्सवको सम्झनामा संयुक्त लोगो अनावरण गर्नु भयो । लोगोमा दुई देशका झण्डा र राष्ट्रिय फूलहरूको रङहरू समावेश छन्, जुन दिगो मित्रता, पारस्परिक विश्वास र साझा मूल्यहरूको प्रतीक हो।प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपति शनमुगरत्नमलाई पनि भेट गर्नु भयो, जहाँ उहाँहरूले द्विपक्षीय साझेदारीको विस्तृत समीक्षा गर्नु भयो र पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गर्नु भयो । उहाँहरूले अर्धचालक, डिजिटलाइजेसन, सीप र कनेक्टिभिटी जस्ता अत्याधुनिक क्षेत्रहरूमा पनि छलफल गर्नु भयो। सिंगापुरका राष्ट्रपति पाँच दिने भारत भ्रमणमा छन्। यो उहाँको पहिलो भारत भ्रमण हो। उहाँ आजबाट दुई दिनको लागि ओडिशाको भ्रमणमा रहनु हुनेछ ।

****** ० ******

**प्रधानमन्त्री- भारत गतिशीलता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा इन्डिया मोबिलिटी ग्लोबल एक्स्पोको उद्घाटन गर्नु हुनेछ। भारत मण्डपममा आयोजना हुने यो देशको सबैभन्दा ठूलो मोबिलिटी एक्स्पो हो। विषय वस्तु छ - सीमाभन्दा बाहिर: भविष्यको अटोमोटिभ मूल्य श्रृंखला सह-निर्माण। हाम्रा संवाददाताले यस एक्स्पोको उद्देश्य सम्पूर्ण गतिशीलता मूल्य श्रृंखलालाई एउटै प्लेटफर्ममा ल्याउनु रहेको बताएका छन्।

****** ० ******

**प्रधानमन्त्री - स्वामित्व योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्सिङमार्फत दश राज्य र दुई केन्द्र शासित प्रदेशका ५० हजारभन्दा बढी गाउँका सम्पत्ति मालिकहरूलाई स्वामित्व योजना अन्तर्गत ६५ लाखभन्दा बढी सम्पत्ति कार्ड वितरण गर्नुहुनेछ।प्रधानमन्त्रीद्वारा शुरु गरिएको यो योजनाले सर्वेक्षणको लागि उन्नत ड्रोन प्रविधिमार्फत घर-परिवारलाई अधिकारको रेकर्ड प्रदान गरेर ग्रामीण क्षेत्रको आर्थिक विकासलाई बढावा दिने लक्ष्य राखेको छ। यसले सम्पत्ति मुद्रीकरणलाई सहज बनाउँछ र बैंक ऋणमार्फत संस्थागत ऋणमा पहुँचलाई पनि सहज बनाउँछ। यसबाहेक, यसले सम्पत्ति सम्बन्धी विवादहरू कम गर्छ र ग्रामीण क्षेत्रहरूमा राम्रो सम्पत्ति मूल्याङ्कन र सम्पत्ति कर सङ्कलनमा मद्दत गर्छ।हालसम्म ३.१७ लाखभन्दा बढी गाउँहरूमा ड्रोन सर्वेक्षणको काम सम्पन्न भइसकेको छ, जसले लक्षित क्षेत्रहरूको ९२ प्रतिशतलाई समेट्छ। १.५३ लाखभन्दा बढी गाउँहरूका लागि लगभग २.२५ करोड सम्पत्ति कार्ड तयार पारिएको छ। यो योजना पुडुचेरी, अण्डमान र निकोबार टापु, त्रिपुरा, गोवा, उत्तराखण्ड र हरियाणामा सम्पन्न भइसकेको छ। मध्य प्रदेश, उत्तर प्रदेश, छत्तीसगढ र धेरै केन्द्र शासित प्रदेशहरूमा पनि ड्रोन सर्वेक्षण सम्पन्न भएको छ।

****** ० ******

**वेतन आयोग**

सरकारले हिजो केन्द्रीय सरकारी कर्मचारी र पेन्सनभोगीहरूका लागि आठौं वेतन आयोग गठनको घोषणा गरेको छ। केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो, सातौं वेतन आयोगको कार्यकाल २०२६ मा समाप्त हुँदैछ र अहिले आठौं तलब आयोगको गठनले तलब समितिको सिफारिसहरू प्राप्त गर्न पर्याप्त समय प्रदान गर्नेछ। उहाँले आयोगको अध्यक्ष र दुई सदस्यको नियुक्ति चाँडै हुने बताउनु भयो।

****** ० ******

**गणतन्त्र दिवसका प्रमुख अतिथि**

यस वर्ष ७६ औं गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियांतो प्रमुख अतिथि हुनेछन् । प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा, राष्ट्रपति सुबियान्तोले जनवरी २५ र २६ मा भारतको राजकीय भ्रमण गर्नुहुनेछ । विदेश मन्त्रालयका अनुसार अक्टोबर २०२४ मा पदभार ग्रहण गरेपछि राष्ट्रपति प्रबोवोको यो पहिलो भारत भ्रमण हुनेछ। उहाँको भ्रमणले दुई देशका नेताहरूलाई द्विपक्षीय सम्बन्धको व्यापक समीक्षा गर्ने साथै पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गर्ने अवसर प्रदान गर्नेछ।भारत र इन्डोनेसियाबीच राम्रो र मैत्रीपूर्ण सम्बन्ध छ। एक व्यापक रणनीतिक साझेदारको रूपमा, इन्डोनेसिया भारतको पूर्व नीति र हिन्द महासागर क्षेत्रको एक महत्त्वपूर्ण स्तम्भ हो।

****** ० ******

**दिल्ली नामांकन**

दिल्ली विधानसभा चुनावको लागि नामांकन पत्र दर्ता गर्ने आज अन्तिम दिन हो। हालसम्म जम्मा ८४१ जना उम्मेदवारले नामांकन पत्र दर्ता गराएका छन्। गत १० जनवरीमा नामांकन दर्ता गर्ने प्रक्रिया सुरु भएको थियो। उम्मेदवारहरूले सोमबारसम्म आफ्नो नाम फिर्ता लिन सक्नेछन्। मतदान ५ फरवरीमा हुनेछ र मतगणना ८ फरवरीमा हुनेछ।

****** ० ******

**दिल्ली-भाजपा सिट बाँडफाँड**

दिल्ली विधानसभा चुनावमा भारतीय जनता पार्टीले ७० मध्ये ६८ सिटमा चुनाव लड्नेछ। भाजपाले राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-एनडीए सहयोगी जनता दल (युनाइटेड) र लोक जनशक्ति पार्टी- रामविलासका लागि दुई सिट छोडेको छ।पार्टीका महासचिव अरुण सिंहले जनता दल-युनाइटेडले बुरारीबाट र लोक जनशक्ति पार्टीले देवली सिटबाट चुनाव लड्ने बताउनु भयो।

****** ० ******

**भाजपा-रविशंकर**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा लोकसभा सांसद रविशंकर प्रसादले कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीको 'फाइटिंग द इंडियन स्टेट' भनाइप्रति कडा प्रतिक्रिया जनाउनु भएको छ। उहाँले कांग्रेस नेतामाथि भारतको राष्ट्रिय अखण्डतालाई कमजोर बनाएको आरोप लगाउनु भएको छ।हिजो दिल्लीमा, श्री प्रसादले भन्नु भयो, श्री गान्धीले आफ्ना शब्दहरूको बारेमा होसियार हुनुपर्छ। भाजपा नेताले भन्नु भयो, भारतीय राज्य शब्दले भारतको संवैधानिक पहिचानलाई एक स्वतन्त्र देशको रूपमा प्रतिबिम्बित गर्दछ, जसको प्रतिनिधित्व राष्ट्रपति र अन्य संवैधानिक संस्थाहरू र देशका जनताले गर्छन्।

****** ० ******

**महाकुम्भ -श्रद्धालुहरू**

प्रयागराज महाकुम्भको समयमा, विगत छ दिनमा, सात करोडभन्दा बढी श्रद्धालुहरूले त्रिवेणी संगममा पवित्र स्नान गरेका छन्। यो स्नान ११ जनवरीदेखि शुरु भएको थियो। त्रिवेणीको संगममा भक्ति र आस्थाको अद्भुत दृश्य देखिँदैछ। पवित्र स्नानको लागि ठूलो संख्यामा सन्त, ऋषि, कल्पवासी र श्रद्धालुहरू भेला भइरहेका छन्। हाम्रा संवाददाताले हिजो पवित्र नदीहरूको संगममा ३० लाखभन्दा बढी श्रद्धालु हरूले स्नान गरेको बताएका छन्।

****** ० ******

**रवि लामिछाने धरौटीमा रिहा**

कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा नेपालको पूर्व उप प्रधानमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई काठमाडौं जिल्ला अदालतले ६० लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।नेपालभरका पाँच सहकारी संस्थाका निक्षेपकर्ताहरूको बचत हिनामिनामा संलग्न भएको आरोपमा अनुसन्धानका लागि ८४ दिनको न्यायिक हिरासतपछि रवि लामिछानेलाई हालै कास्की जिल्ला अदालतले ६५ लाख रुपियाँ धरौटीमा रिहा गरेको छ।

****** ० ******

**खो-खो विश्वकप फाइनल**

खो-खो विश्वकप २०२५ मा, भारतीय पुरुष र महिला दुवै टोलीले समूह चरणका खेलहरूमा उत्कृष्ट प्रदर्शन गर्दै क्वार्टर फाइनलमा आफ्नो स्थान सुरक्षित गरेका छन्। प्रत्येक टोलीले आ-आफ्नो समूहको शीर्ष स्थानमा पनि स्थान हासिल गर्यो।हिजो इन्दिरा गान्धी इन्डोर स्टेडियममा आयोजक भारतीय पुरुष टोलीले भुटानमाथि ७१-३२ को शानदार जित दर्ता गऱ्यो।यस अघि भारतीय महिला टोलीले मलेसियालाई १००-२० को विशाल अन्तरले पराजित गरेको थियो। शुरुदेखि नै उनीहरूले मलेसियाली टोलीमाथि भारी दबाब दिए अनि खेलभरि यो गति कायम राखे।

****** ० ******